# बिमस्टेक क्षेत्रलाई शान्त, दिगो विकासतर्फ उन्मुख गराउन सामूहिक प्रयास हुनुपर्छ : ज्ञवाली




काठमाडौं, ३० अगस्त। बिमस्टेक सम्मेलनलाई लिएर राजधानी काठमाडौंमा सुरक्षाव्यवस्था कड़ा गरिएको छ। शहरका चारैतिर सड़कमा, बस विसौनीतिर तथा सबै क्षेत्रमा नेपाली सशस्त्र बल तैनाती गरिएको छ। काठमाडौंमा आयोजन हुनलागेको बिमस्टेक शिखर सम्मेलनलाई सफल बनाउन सबै प्रतिनिधि देशहरू तयारीमा लागिपरेको देखिएको छ। सम्मेलनमा भाग लिन म्यांमारका राष्ट्रपति विन मिन्ट मंगलवार काठमाडौं आइपुगेका छन् भने अन्य पाँच देशका राष्ट्रप्रमुखहरु बुधवार र बिहीवार बिहान काठमाडौं आइपुग्नेछन् । काठमाडौंमा हुनलागेको यस चौथो बिमस्टेक शिखर सम्मेलनमा सहभागी हुने ७ देशका सरकार प्रमुख र राष्ट्र प्रमुखमध्ये बंगलादेशकी प्रधानमन्त्री शेख हसिना उमेरको हिसाबले सबैभन्दा ज्येष्ठ प्रतिनिधि हुन्। बहुक्षेत्रीय प्राविधिक तथा आर्थिक सहयोगका लागि बङ्गालको खाड़ीको प्रयास (बिमस्टेक) को १६औं मन्त्रीस्तरीय बैठक केही बेरअघि समाप्त भएको छ। विदेशमन्त्री प्रदीप ज्ञवालीले ट्वीट गर्दै बैठक सफलतापूर्वक सम्पन्न भएको जानकारी दिएका छन्। सम्मेलन आयोजक राष्ट्रका हैसियतमा बैठकको अध्यक्षता ज्ञवालीले गरेका थिए। बैठकमा बिमस्टेकका महासचिवको प्रतिवेदन, भोलिदेखि शुरु हुने शिखर सम्मेलनको तयारी, मङ्गलवार सम्पन्न बिम्स्टेकका वरिष्ठ पदाधिकारीको १९ औं बैठक तथा विशेष बैठकका प्रतिवेदन पेश भएको थियो। बिमस्टेक सम्मेलन तथा समझदारीपत्रको तयारी, चौथो शिखर सम्मेलन र काठमाडौं घोषणापत्रको मस्यौदालाई अन्तिम रूप दिने, बैठकका कार्यसूची पारित गर्ने र मन्त्रीस्तरीय बैठकको अध्यक्षता हस्तान्तरण आजको बैठकले गरेको छ। आजको बैठकबाट नेपालले बिमस्टेकको परराष्ट्र मन्त्रीस्तरीय अध्यक्षता श्रीलङ्कालाई हस्तारन्तरण गरेको हो। बैठकको अध्यक्षता परराष्ट्र मन्त्री ज्ञवालीले गरेका थिए। बैठकमा बङ्गलादेशको नेतृत्व विदेशमन्त्री अबुल हसन महमुद अलि र भारतको प्रतिनिधित्व बाह्य मामिला राज्यमन्त्री भिके सिंहले गरेका थिए। यसैगरी म्यांमारका अन्तरराष्ट्रिय सहयोगसम्बन्धी सङ्घीय मन्त्री क्याव तिन, श्रीलङ्काका विदेश राज्यमन्त्री बसन्ता सेनानायके, थाइल्याण्डका विदेशमन्त्री दोन प्रमुदविनय बैठकमा सहभागी थिए। भोटाङबाट विदेश सचिव सोनाम छोङ्ले प्रतिनिधित्व गरे। बैठकको अध्यक्षता गर्दै परराष्ट्रमन्त्री ज्ञवालीले उद्घाटन मन्तव्य व्यक्त गर्दै बिमस्टेक क्षेत्रको सामाजिक–आर्थिक रुपान्तरण सङ्गठनको अबको कार्यसूची हुनुपर्ने बताएका थिए। व्यापार र लगानीबाटै आर्थिक–सामाजिक रुपान्तरण हुने यथार्थ औंल्याउँदै उनले त्यसनिम्ति रेल, सडक, हवाईमार्ग र अप्टिकल फाइबरका माध्यमबाट सम्पर्क विस्तार, ऊर्जाको र प्रविधिको अधिक उपयोगबाट मात्र सम्भव हुने बताए। सम्पर्क विस्तार, व्यापार, पर्यटन, ऊर्जा र कृषिजस्ता आर्थिक उन्नयनका मुख्य क्षेत्रमा सङ्गठनका सहायताका क्षेत्र केन्द्रित हुनुपर्नेमा पनि उनले जोड दिएका थिए। बिमस्टेक क्षेत्रलाई शान्त, समृद्ध र दिगो विकासतर्फ उन्मुख गराउन सामूहिक प्रयास हुनुपर्नेमा उनले जोड दिए। अन्य शीर्ष नेताहरु प्रायः सबै ६० देखि ६५ वर्षको आसपासमा छन् भने शेख हसिना ७० वर्ष पुगेकी छिन्। बिमस्टेक सम्मेलनमा बंगलादेशकी प्रधानमन्त्री शेख हसिना, भोटाङका प्रधानमन्त्री (चीफ एडभाइजर) दासो छिरिङ भारतका प्रधानमन्त्री नरेन्द्र मोदी, म्यानमारका राष्ट्रपति विन मिन्ट, नेपालका प्रधानमन्त्री केपी शर्मा ओली, श्रीलंकाका राष्ट्रपति मैत्रीपाला सिरिसेना र थाइल्याण्डका प्रधानमन्त्री प्रयुट च्यानको सहभागिता हुनेछ। सम्मेलनको अध्यक्षता नेपालका तर्फबाट प्रधानमन्त्री केपी शर्मा ओलीले गर्नेछन्। विदेश मन्त्री प्रदीपकुमार ज्ञवालीको अध्यक्षतामा हुने उक्त बैठकमा सदस्य देशका विदेशी, बाह्य मामिला, विदेशमन्त्रीले सम्बोधन गर्ने कार्यक्रम छ। विदेश मन्त्रालयका अनुसार बैठकमा बिमस्टेकका महासचिवको प्रतिवेदन भोलिदेखि शुरू हुने शिखर सम्मेलनको तयारी, मंगलवार सम्पन्न बिमस्टेकका वरिष्ठ पदाधिकारीको १९ औं बैठक तथा विशेष बैठकका प्रतिवेदन पेश हुनेछन्। बताइन्छ ५ करोड़ आवादी रहेको म्यांमारका राष्ट्रपति ६७ वर्ष पुगेका छन्। उक्त कार्यक्रममा थाइल्याण्डका सैन्य सरकारका प्रधानमन्त्री प्रयुट च्यान काठामाडौं आउनेछन् भन्ने जानकारी प्राप्त भएको छ ।

# एडीजी एसएसबीद्वारा भारत–नेपाल सीमा क्षेत्रको भ्रमण

रानीडांगा, ३० अगस्तः भारत–नेपाल सीमा क्षेत्रको तीन दिवसीय भ्रमण पूरा गरेपश्चात अतिरिक्त महानिर्देशक (एडीजी) एसएसबी ज्योतिर्मय चक्रवर्ती, आईपीएस आज नयाँ दिल्लीस्थित पोर्स मुख्यालयमा आए।

यसअघि एडीजी चक्रवर्तीले खप्रेलमा ८औं बटालियन एसएसबीको भ्रमण गरेर युनिटका अधिकारीहरूसित अन्तरक्रिया गरेका थिए। यसरी नै उनले ८औं बटालियनको प्रस्तावित जमीनको पनि भ्रमण गरेर त्यहाँको साइट प्लान निरीक्षण गरेका थिए। ८औं बटालियनको भ्रमण पूरा गरेपश्चात एडीजी एसएसबी चक्रवर्ती ४१औं बटालियनको बोर्डर आउट पोस्ट (बीओपी) मा पुगे औ यहाँ उनले जवानको ब्यारेक अनि मेसको निरीक्षम गर्दै मेसमा खाद्य पदार्थ एवं भोजनको गुणस्तरको जाँच गरे। यसपछि उनले आर्म पुलिस फोर्सका डीएसपी राजेश घिमिरे, एसपी नेपाल, पुलिस महेश थापा अनि यो संवेदनशील सीमा क्षेत्रको सुरक्षाको निम्ति भारत अनि नेपाल कष्टमका वरिष्ठ अधिकारीवर्गसित विस्तृत रूपमा चर्चा परिचर्चा गरे।



एडीजी एसएसबीले पानीट्याङ्की सिमाना अनि यस वरपरका क्षेत्रहरूको स्थितिको जानकारी पनि लिए अनि सीमाक्षेत्रको उत्कृष्ट प्रबन्धनको निम्ति बीओपी पर्सनललाई महत्वपूर्ण निर्देशहरू पनि दिए। यो सम्पूर्ण भ्रमणावधिमा एडीजीको साथमा फ्रण्टियर सिलगढ़ीका आईजी श्रीकुमार बन्दोपाध्याय उपस्थित थिए।

## ग्लोबल बेबी केयर ब्राण्ड चिकूद्वारा सिलगढ़ीमा आफ्नो प्रथम एक्सक्लूशिभ स्टोर लञ्च

सिलगढ़ी, ३० अगस्तः इटालीको ठूलो अर्थात ग्लोबल बेबी केयर ब्राण्ड–चिकूले सिलगढ़ीको सेभोक रोडस्थित भेगा सर्कलमा आफ्नो प्रथम स्टोर लञ्च गऱ्यो। यो स्टोरमा बेबी केयरका विभिन्न एप्लायन्सबाहेक जुत्ता, नर्सिङ, ट्राभेल, कस्मेटिक्स अनि गुडियाहरूको व्यापक रेञ्ज उपलब्ध छ। चिकूले आफ्नो सबै उत्पाद ग्राहकहरूलाई गुणस्तरीयको साथमा उचित मूल्यमा प्रदान गर्दै आइरहेको छ। सिलगढ़ीमा खोलिएको चिकूको यो नयाँ स्टोरमार्फत आमाहरूलाई आफ्नो नानीहरूको केयर सम्बन्धित आवश्यक उत्पादको सर्वोत्तम गुण स्तरको अनुभव गराउनेछ। यसबारे बोल्दै चिकू स्टोरका राजेश बोहरा, सीईओ, आर्टसना इण्डियाले भने, चिकूको स्टोर सिलगढ़ीमा लञ्च गर्न पाउँदा मलाई अत्यन्त खुशी अनुभव भईरहेको छ। यसको माध्यमबाट देशको यस अंशमा आफ्नो ब्राण्डको उपस्थिति गराउन शक्ति पाइरहेका छौ।

# केन्याली गैंडा स्थानान्तरण अभियानमा कालो बादल : ११ गैंडा मारिए

**नैरोबी, ३० अगस्तः** लोपोन्मुख गैंडा बचाऊसम्बन्धी केन्याको एउटा अभियानको असफलताले विश्वभरका वन्यजन्तु संरक्षणकर्मीहरु भयभीत र चकित भएका छन्। केन्याका ११ वटा महत्वपूर्ण काला प्रजातिका गैंडालाई नयाँ स्थानमा स्थानान्तरण गरिएको थियो। यो अभियान गैंडा संरक्षणमा कोशेढुङ्गा हुने अपेक्षा गरिएको थियो।

गैंडाको मृत्युको मुख्य कारण नै नयाँ बासस्थानको पानीमा नुनको मात्रा बढी भएर विषाक्त अवस्था सिर्जना भएको आधिकारिक प्रतिवेदनमा उल्लेख छ । तर एएफपीको अनुसन्धानमा समस्याबारे सबै जानकार रहेका र जायज सरोकारलाई बेवास्ता गरिएको छ। विज्ञहरुले उक्त नयाँ बासस्थान गैंडाका लागि उपयुक्त नरहेको भन्दै पटकपटक चेतावनी पनि दिएका थिए। तैपनि गैंडा स्थानान्तरण परियोजना अगाडि बढाइयो – र अहिले सरकारी अधिकारीहरु एकअर्कामाथि दोष थोपरिरहेका छन्। गैंडा स्थानान्तरण परियोजना केन्याका पर्यटन तथा वन्यजन्तु मन्त्री नजिब बलालाले जुन महिनामा ठूलै कार्यक्रमबीच शुभारम्भ गर्नुभएको थियो। यस परियोजनाका लागि विश्व वन्यजन्तु कोष ९डब्लुडब्लुएफ० ले करिब १० लाख अमेरिकी डलर उपलब्ध गराएको थियो। द–बिग–मुभ नाम दिइएको यो अभियानले गैंडाको चोरी शिकारीबाट गैंडाको संरक्षण गर्न सहयोग पुग्ने अपेक्षा गरिएको थियो। प्रकृति संरक्षण युनियन (आइयूसिएएन) ले काला गैंडालाई अति सङ्कटापन्न जीवको सूचीमा सूचीकृत गरेको छ। तत्काल संरक्षणको कुनै विशिष्ट अभियान सञ्चालन नगरिए यी गैंडा विश्वबाट लोप हुने खतरामा पुगेको युनियनको भनाई छ। नैरोबी र नाकुरुका निकुञ्जबाट यी गैंडालाई चाभो इस्ट नामको नयाँ बासस्थानमा पठाइएको लगिएको थियो। केन्या वन्यजन्तु सेवा (केडब्लुएस) र डब्लुडब्लुएफले यी गैंडाको बासस्थान निर्माणका लागि छ वर्ष बिताएका थिए। नयाँ बासस्थानमा गैंडालाई जमिनबाट पम्प गरेको पानी खुवाउने प्रबन्ध गरियो। यो पानी ज्यादै नुनीलो थियो। यस बासस्थानमा रहेका अरु जीवजन्तु पम्प गरिएको पानीको छेउमा समेत आउँदैनथे, केन्याली पशुचिकित्सक युनियनका अध्यक्ष डा बेन्सन किबोरले बताए। लवणयुक्त पानीले जीवजन्तुलाई तिर्खा मात्र लगाउँथ्यो, र अरु बढी पानी खानुपर्थ्यो, र यसबाट रगत बाक्लो हुने तथा रक्तप्रवाहको गतिलाई सुस्त बनाउँथ्यो किबोरले भने, जीवजन्तुको शरीरको सुख्खापन उच्चस्तरमा पुगेको थियो। बोल्ट नाम दिइएको गैंडा सबैभन्दा पहिले मरेको थियो र त्यसपछि अरु गैंडा एकपछि अर्को गर्दै मरे। अन्तिम गैंडा ज्याक यति कमजोर भइसकेको थियो कि सिंहले आक्रमण गर्दा आफूलाई जोगाउन नसक्ने अवस्थामा पुगेको थियो। सिंहको आक्रमण झेलेको ज्याक अर्को दिन मरेको थियो। म अति चिन्तित भएको थिएँ। यी गैंडा धेरै ठूलो समस्या छन् भन्नेमा मलाई



शङ्कै थिएन, केडब्लुएसका पूर्व अध्यक्ष एवं वरिष्ट संरक्षणकर्मी नेहेमिया रोटिचले बताए।

रोटिच र परियोजनाका केही पूर्व सदस्यहरुले आफूहरुले नयाँ बासस्थानको पानीको अम्लियपना र खानाको अभावका कारण गैंडा स्थानान्तरण कार्यक्रमलाई धेरैपटक स्थगित गरेको बताए। छनौट गरिएको ठाउँ नै राम्रो थिएन, रोटिचले एएफपीलाई बताए। उनले त्यस ठाउँको दुईपटक भ्रमण समेत गरेका थिए। सुख्खा र नदीबाट निकै टाढा रहेको नयाँ बासस्थानमा पानीको व्यवस्था गर्न पम्प जडान गरिएको थियो। गैंडा स्थानान्तरण कार्यक्रम आयोजना गरिएको बारे केडब्लुएस बोर्डलाई दुई दिन अघि मात्र सूचना दिइएको थियो। यही सूचनामा स्थानान्तरणको अगुवाई डब्लुडब्लुएफले गर्ने जानकारी गराइयो। हामीले भन्यौ – यो सम्भव छैन, उनले त्यसबखतको संवाद सुनाए। तर, दबाब निरन्तर दिइयो। बोर्ड सदस्य हिथ र रोटिच दुबैले स्थानान्तरणका लागि डब्लुडब्लुएफले जबर्जस्ती गरेको आरोप लगाए। अक्टोबर २०१७ मा बोर्डले स्थानान्तरणका लागि शर्तसहितको स्वीकृति प्रदान गरेको थियो जसमा नयाँ बासस्थान सुरक्षित हुनुपर्ने शर्त राखिएको थियो। बोर्डको म्यान्डेट अप्रिल २०१८ मा सकिएको थियो। त्यस समयसम्म पनि व्यवस्थापनलाई गैंडा स्थानान्तरण गर्ने सङ्केत गरिएको थिएन। तैपनि, यो कार्यक्रम तीन महिना ढिला शुरु गरियो र नयाँ बोर्ड गठन भएकै थिएन। स्थानान्तरण सम्बन्धी बिबाद मे २०१७ को बैठकमा जोडदार रुपमा उठेको थियो। यस बैठकमा केडब्लुएसका अधिकारीहरु र डब्लुडब्लुएफका मुख्य गैंडा विज्ञ मार्टिन मुलामा सहभागी थिए। बैठकमा दुईवटा माइन्यूट पनि लेखिएका थिए। पहिलो माइन्यूटमा गैंडासम्बन्धी कुनै सरोकार व्यक्त गरिएको छैन, तर दोस्रो माइन्यूटमा स्थानान्तरण गर्न कुनैपनि हालतमा सम्भव नरहेको भन्दै चेतावनी दिइएको छ। केडब्लुएसले यसै वर्ष १५ पटक गरेको पानीको परीक्षणमा स्वीकृत स्तरभन्दा तीनगुणा बढी पानी नुनीलो रहेको देखिएको थियो। किबोरका अनुसार, यी महत्वपूर्ण सूचकहरु पहिलो गैंडा बिरामी हुँदासमेत पशुचिकित्सकलाई हेर्न पनि दिइएन। परिणामस्वरुप, पशुचिकित्सकहरुले अरु नै कारणहरु, जस्तै सर्पको डसाई, को खोजी गर्न समय बिताए। केडब्लुएसका पूर्व बोर्ड सदस्यहरुले मन्त्री बलालाले जबर्जस्ती गैंडा स्थानान्तरण गर्न लगाएको आरोप लगाएका छन्। केही सदस्यहरुले उनको राजीनामा समेत मागेका छन्। तर मन्त्री बलालाले आफूले कुनै गल्ती नगरेको भन्दै प्रतिबाद गरेका छन्। उनको आरोप छ, गैंडा स्थानान्तरणका लागि ठाउँ उपयुक्त नभएको भए पहिल्यै मलाई किन जानकारी थिइएन। केन्याली संरक्षणकर्मी पाउला काहुम्बुको भनाई छ, राष्ट्रिय निकुञ्जभित्रैबाट रेलमार्ग निर्माण गर्ने र वनक्षेत्र अतिक्रमण गरी अरु पूर्वाधार निर्माणका कार्यहरु गर्नेतर्फ सरकार लागिपरेकाले यो केन्याका लागि अन्धकार युग हो।

# सुरक्षा कारबाहीमा प्रमुख कमाण्डर मारिए

काबुल, ३० अगस्तः अफगानिस्तानको उत्तरी प्रान्त बाघलानमा तालिबान आतङ्ककारीविरुद्ध भएको एक सैन्य कारबाहीमा परी तालिबानका प्रमुख कमाण्डर कारी कयुम सहित चार आतङ्ककारी मारिएका छन्।

यस कारबाहीमा अन्य आठ आतङ्ककारी घाइते भएका सो क्षेत्रका सेनाका प्रवक्ता मोहमद हनीफ रेजाइले बिहीबार जानकारी दिएका छन्। अफगानिस्तानमा सन् २०१४ को डिसेम्बरबाट अमेरिकाआवद्ध नेटो संयुक्त गठबन्धन सेनाले अफगान युद्ध सकिएको घोषणा गर्दै प्रायः सेना त्यहाँबाट आ– आफनो देश फर्किएका थिए। त्यहाँ बाँकी करिब १२ हजार संयुक्त गठबन्धनका सेनाले पनि अफगान सेनालाई सल्लाह र तालिम दिने तर युद्धभूमि गएर तालिबान र अन्य आतङ्ककारी समूहसँग युद्ध नगर्ने घोषणा गरेका थिए। सो घोषणापछि सन् २०१५ को जनवरीबाट अफगानिस्तानको सुरक्षाको सम्पूर्ण जिम्मा अफगान सैनिकको काँधमा आएको थियो।

यद्यपी त्यसपछि अफगान सुरक्षा अधिकारीहरुको हताहतमा बृद्धि भए तापनि तालिबान र इस्लामिक स्टेटस् आतङ्ककारी समूहमाथि हुँदै आएको कारबाहीमा यहाँ सुरक्षा अधिकारीहरुले सफलता नै प्राप्त गरेका छन्।

# इराकमा फेरि आत्मघाती बम आक्रमण

बगदाद, ३० अगस्तः तेलको धनी प्रान्तको रुपमा रहेको उत्तरी इराकको किर्कुकमा आत्मघाती आक्रमण भएको छ। यस आक्रमणमा परी दुई प्रहरी अधिकारीको मृत्यु भएको प्रान्तीय एक सुरक्षा अधिकारीले जानकारी दिएका छन्।

किर्कुकको ग्रामीण इलाका हवीजाह क्षेत्रमा रहेको एक प्रहरी चौकीमा आत्मघाती आक्रमणकारीले विस्फोटक पदार्थ बोकेर विस्फोटन गराएका थिए। उक्त स्थान किर्कुक प्रान्तको प्रान्तीय शहर नामेकाकेबाट ५० किलोमिटर दक्षिणपश्चिममा रहेको छ। हवीजाह प्रहरीका प्रवक्ता मोस्ताफा अब्दुल राजाक आक्रमण र हताहतको पुष्टी गरेका छन्।

यस आक्रमणको हालसम्म कुनै पनि समूहले जिम्मा लिएको छैन। तर यसअघि सुरक्षा अधिकारी, सर्वसाधारणको जम्मा हुने स्थल क्याफे, मस्जिद, बजार इलाकालाई लक्ष्यगरी बारम्बार आक्रमण गर्दै आएका इस्लामिक स्टट्रेस ९आइएस०ले आक्रमण गराएको हुनसक्ने सुरक्षा अधिकारीको दाबी गरेका छन्। इराकी सुरक्षा बलले आइएस आतङ्ककारी विरुद्ध पश्चिम किर्कुकको हवीजाह क्षेत्र, मोसुल र सलाहुदिन प्रान्तमा कारबाही जारी राखेपछि बर्षौदेखि आफ्नो बलियो पकड रहेको यस इलाकाबाट गएको केही महिनायता दर्जनौ आइएस आतङ्ककारी त्यहाँबाट भाग्न बाध्य भएका थिए।

अतिवादी समूहले एक पटक कब्जा लिएको सबै इलाका इराकी सुरक्षाबलले पुनः कब्जा लिएपछि सन् २०१७ को डिसेम्बरमा इराकी सरकारी अधिकारीले इराक आइएस आतङ्ककारीकबाट मुक्त भएको दाबी गरेको थियो। यद्यपी हाल पनि नगर र ग्रामीण इलाकामा आइएस आतङ्ककारीको उपस्थिति रहेको र उनीहरुका आफूहरुलाई पुनः समूह बनाउँदै आक्रमण गर्दै आएका छन्।

# एसडीएफ पार्टीको घरदैलो अभियान युद्धस्तरमा



**जोरथाङ, ३० अगस्तः** सिक्किम प्रजातान्त्रिक मोर्चा पार्टीको जूम सालघारी समष्टि अन्तरगत यहाँको सिस्ने नयाँ बजार वाड नम्बर ७ मा घरदैलो अभियान युद्धस्तरमा चलिरहेको छ। आज को घरदैलो अभियानमा वाडका पार्षद श्रीमती पबित्र राईको अगुवाई भएको थियो।

अभियान क्रममा भुवन तिवारी (सिएलसी अध्यक्ष),खगेन राई (यातायात कनभेनर),चन्दा शर्मा (पूर्व पन्चायत) वाडका प्रतिनिधि गण,ब्लक का सदस्य सदस्या गणको उपस्थिति रहेको थियो।

आजको घरदैलो अभियान अपपर सिस्ने देखि शुरु भएर सिस्ने बजारमा समाप्त भयो। यस्तै प्रकारले वाड नम्बर ५ का पार्षद पिङकी सिलालको अगुवाई घरदैलो अभियान आज समाप्त भएको जानकारी प्राप्त भएको छ।

# सुकेपोखरीमा अग्निशमन स्थापन गरिने

**सुकेपोखरी, ३० अगस्त।** जीटीए बीओए अध्यक्ष विनय तामाङले सुकेपोखरीमा चाँड़ै अग्निशमन केन्द्रको स्थापना गरिने विषयको जानकारी पत्रकारहरूलाई दिए। उल्लेखित विषयलाई सुकेपोखरीवासी सर्वसाधरण, सङ्घ–संस्था, गोजमुमो सुके मानेभञ्ज्याङ समष्टिलगायत संलग्न क्षेत्रका मानिसहरूले आभार प्रकट गरेका छन्। यतिञ्जेल सुकेपोखरीले धेरैवटा आगजनीकाण्डको सामना गर्नु परेको छ। अग्निशमन केन्द्रको स्थापनाको माग लामो समयपछि पूर्ण भएको हो। अग्नीशमन केन्द्र स्थापना माग समितिको संयोजक फूर्बा छिरिङ शेर्पाले यस आशयको जानकारी दिएका छन्।

## शुद्धि कार्य

गत २२ अगस्त २०१८ का दिन परमधाम गमन गर्नुहुने ममतामयी निरजा तिवारीको तेह्रौं दिनको शुद्धि कार्य आगामी ३ सितम्बर २०१८ सोमबारका दिन सम्पन्न भईरहेछ। सबै इष्टमित्र, बन्धु बान्धवहरूलाई हाम्रो बासस्थान, अप्पर सिच्छे गान्तोक, पूर्व सिक्किममा प्रार्थना एवं शुद्धि कार्यमा सामेल भइदिनु हुन हार्दिक अनुरोध गर्दछौं।

यस दुःखद घड़ीमा हामीलाई शान्त्वना प्रदान गर्न हामी समक्ष उपस्थित भईदिनेहरूप्रति हामी कृतज्ञता प्रकट गर्दछौं।

**विनीत**
**लक्ष्मी प्रसाद तिवारी (पति)**
**सोना, बन्दना, अर्चना अनि रचना (छोरीहरू)**
**पुष्प कुमार एवं टिका तिवारी (देवर–देवरानी)**
**एवं समस्त तिवारी परिवार।**